श्री सर्वोच्च अदालतबाट प्रमाणित-प्रतिलिपी

सर्वोच्च अदालत

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

आदेश

०८१-WO-१५३६

विषयः-उत्प्रेषणसमेत।

सूर्य नेपाल प्रा.लि..... निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार काटमाडौंसमेत ..... विपक्षी

नियम बमोजिम इजलाससमक्ष पेश हुन आएको निवेदन सहितको मिसिल अध्ययन गरी निवेदककोतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री तुलसी भट्ट र श्री महेश कुमार थापा तथा विद्वान अधिवक्ता श्री अन्जलीका सिन्हाले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएको मितिले १५ दिन भित्र विपक्षीहरुलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

साथै अन्तरिम आदेश जारी गरी पाउन माग गरेतर्फ विचार गर्दा विषयबस्तुको प्रकृतिबाट दुवैपक्षलाई छलफलमा राखेर मात्र अन्तरिम आदेश जारी हुने वा नहुने निष्कर्षमा पुग्न मनासिब हुने देखिँदा सो प्रयोजनको लागि मिति २०८२/०३/३० गते छलफल हुने मिति तोकी छलफलमा उपस्थित हुन विपक्षीहरुलाई सूचना दिनू। सो बमोजिम छलफल नभए सम्म निवेदनमा उल्लिखित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट,

ज्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका,२०८१ को दफा ३, ४ र ७ तथा अनुसूची १ समेत कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) बमोजिम विपक्षीहरुको नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। नियमानुसार गर्नू।

न्यायाधीश

इति सम्वत् २०८२ साल असार २० गते रोज ६ शुभम् .....।

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन-पत्र

विषयः उत्प्रेषण, प्रतिषेध मिश्रित परमादेश लगायतका
अन्य उपयुक्त आदेश जारी गरीपाउं।

का.जि. का.म.न.पा. वडा नं. १ कान्तिपथस्थित सूर्य नेपाल प्रा.लि. को तर्फबाट ऐ. का अधिकारप्राप्त प्रवन्ध सञ्चालक ल.पु.जि ल.पु.म.न.पा. वडा नं. २ बस्ने बर्ष ५२ को रवि रायबरम्को वारिस ऐ. वडा नं. ११, माइतिघर बस्ने बर्ष ४९ को प्रभात कुमार कर्ण ....निवेदक

बिरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं १
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं.....१ ....विपक्षी

मुद्दा: उत्प्रेषण, प्रतिषेध मिश्रित परमादेश लगायत

म निवेदक नेपालको संविधानको धारा ४६ र १३३(२) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२ र ४९ समेत अन्तर्गत निम्नलिखित निवेदन गर्दछु ।

१) निवेदक कम्पनीले चुरोट, बिस्कुट, कन्फेक्सनरी जस्ता विभिन्न बस्तुहरुको उत्पादन गर्दछ । निवेदकले यी बस्तुहरुको उत्पादन तथा विक्रीको सन्दर्भमा प्रचलित कानूनहरुको पूर्ण परिपालना गरिआएको छ ।

२) विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (यसपछि "मन्त्रालय" भनिएको) ले सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०८१ (यसपछि "निर्देशिका २०८१" भनिएको) जारी गरेको छ । सो निर्देशिकाको दफा १ को उपदफा (२) ले निर्देशिका स्वीकृत भएको १८० औं दिन देखि लागू हुनेछ भन्ने व्यवस्था गरेको छ । उक्त निर्देशिका विपक्षी मन्त्रालयले आफ्नो वेबसाइटमा मिति २०८१।११।१३ मा प्रकाशित गरेको भएतापनि प्रकाशित निर्देशिकामा सो स्विकृत भएको मिति उल्लेख गरिएको छैन । तर, सञ्चार माध्यमका अनुसार आगामी भाद्र १ गते देखि निर्देशिका लागु हुने भनिएको छ ।

३) यसअघि पनि विपक्षी मन्त्रालयले सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ (यसपछि "निर्देशिका २०७१" भनिएको) जारी गरेको थियो । सो निर्देशिका विवादित भई यसै सम्मानीत अदालतबाट हुतराज कोइराला समेत विरुद्ध नेपाल सरकार समेत भएको रिट नं. ०७२-WO-०१४६ तथा Action Nepal समेतको रिट नं. ०७२-WO-०६६२ को मुद्दामा मिति २०७९।५।१२ मा फैसला भएपछि लागू गरिएको छ । निर्देशिका २०७१ मा सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट,च्यापर्स तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कूल भागमध्ये कम्तीमा ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश र घातक रंगिन चित्र छाप्नु पर्ने भन्ने उल्लेख छ । निर्देशिका २०७१ लागू भएको २ वर्ष पनि नपुग्दै विपक्षी मन्त्रालयले बट्टा, प्याकेट, च्यापर्स तथा पार्सलको अगाडि, पछाडि र माथिल्लो शतप्रतिशत भागमा र दायाँ बायाँको ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश र घातक चित्र राख्नु पर्ने गरी निर्देशिका २०८१ बनाएको छ । सो निर्देशिकाको दफा ३, ४ र ७ लाई कार्यान्वयन गर्नको लागि अनुसूचि १ मा चुरोटको बट्टा, प्याकेट र च्यापर्सको ढांचा तोकिएको छ ।

४) निर्देशिका २०८१ को दफा ३, ४ र ७ तथा अनुसूची १ को व्यवस्था सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८, सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८, उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ तथा नेपाल पक्ष रही सन्धी ऐन, २०४७ वमोजिम नेपाल कानून सरह पालना गर्नुपर्ने WHO Framework Convention on Tobacco Control समेतसंग बाझिएकोले निर्देशिका २०८१ को दफा ३, ४ र ७ तथा अनुसूची १ खारेज गरिपाउँन यो रिट निवेदन लिई आएका छौं ।

५) निर्देशिका २०८१ को दफा ३, ४ र ७ तथा अनुसूची १ को व्यवस्था सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ९ (यसपछि "सूर्तिजन्य ऐन" भनिएको) संग स्पष्टसंग बाझिएको छ । ऐ. दफा ९ ले कम्तीमा ७५ प्रतिशत भागमा चेतावनीमूलक सन्देश र चित्र

छाप्नु पर्ने भनेकोमा निर्देशिका २०८१ को उपरोक्त व्यवस्थाले १०० सम्म पुर्याइएको छ । विधायिकी मनसाय १०० प्रतिशतसम्म पुर्याउन दिने भए कम्तीमा ७५ प्रतिशत भन्ने शब्दावलीको प्रयोग हुने थिएन । यसअघिको हुतराजको फैसलामा ९० प्रतिशत पुर्याएकोमा कानूनसम्मत हो भन्ने सर्बोच्चको फैसलाले १०० प्रतिशत पुर्याउन अनुमति दिएको छैन, बाटो खोलेको छैन । सोही दिन फैसला भएको एक्सन एडको मुद्दामा १०० प्रतिशत भागमा नै चेतावनीमूलक सन्देश र घातक चित्र छाप्ने परमादेशको माग भएकोमा सर्बोच्च अदालतले त्यस्तो परमादेश दिएको छैन । अदालतबाट माग वमोजिमको आदेश नहुनुको अर्थ १०० प्रतिशत बनाउन नमिल्ने भन्ने नै हो । तर, सो सर्वोच्च अदालतको उक्त आदेश विपरित विपक्षी मन्त्रालयले १०० प्रतिशतसम्म ढाक्ने गरी चेतावनीमूलक सन्देश र चित्र छाप्नु पर्ने गरी जारी भएको निर्देशिका २०८१ का सम्बन्धित प्रावधानहरु सूर्तिजन्य ऐनको मात्रै नभई सम्मानीत सर्बोच्च अदालतको फैसला समेतको विपरित छन् ।

६) ऐनको दफा ९(१) मा कम्तीमा पचहत्तर प्रतिशत भागमा सूर्तिजन्य पदार्थको सेवन स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको चेतावनीमूलक सन्देश र घातक रङ्गिन चित्र छाप्ने तथा अङ्कित गर्नुपर्ने व्यवस्था गरिएकोमा विपक्षी मन्त्रालयले प्रथमत २०६८ मा सोही दफा अनुरुप पचहत्तर प्रतिशत भागमा छापी अङ्कित गर्ने गरी चेतावनीमूलक सन्देश तथा घातक रङ्गिन चित्र तोकेको थियो भने, २०७१ मा त्यसलाई बढाएर नब्बे प्रतिशत बनाएको थियो । विगतमा यस विषयमा सर्वोच्च अदालतमै परेको उपरोक्त मुद्दामा पचहत्तर प्रतिशतबाट नब्बे प्रतिशत बनाउनुको तात्पर्य उपभोक्तालाई सूर्तिजन्य पदार्थको सेवनबाट स्वास्थ्यमा पर्ने नकारात्मक असर बारे जनचेतना फैलाउन प्रष्ट -conspicuous) रुपमा देखिने गरी चित्र छाप्ने प्रावधान बनाईएको भनी सो लाई सर्वोच्च अदालतले सदर गरेको थियो । जनचेतना फैलाउने उद्देश्यले प्रष्ट -conspicuous) रुपमा चित्र छाप्ने प्रावधान बनाउनुपर्ने भन्ने विषयमा थप विश्लेषण गर्दा हालै उपभोग्य वस्तु सम्बन्धि बजार अनुसन्धान गर्ने विश्वप्रसिद्ध संस्था कान्तारले नेपालमा सूर्तिजन्य पदार्थमा राखिने चेतावनीमूलक सन्देश सम्बन्धि गरेको अनुसन्धानले अन्ठाननब्बे प्रतिशत सूर्तिजन्य पदार्थका उपभोक्ताले पचहत्तर प्रतिशत कै चेतावनीमूलक सन्देश प्रष्ट रुपमा देखी बुझ्न सकेको र सत्प्रतिशत उपभोक्ताले नब्बे प्रतिशत को चेतावनीमुलक सन्देश प्रष्ट रुपमा देखी बुझ्न नसकेको भनि देखाएको छ । यस सन्दर्भमा विगतमा लागु भएको पचहत्तर प्रतिशत र हाल लागु भएको नब्बे प्रतिशत कै चेतावनीमूलक सन्देश र घातक रङ्गिन चित्र उपभोक्ताले प्रष्ट रुपमा देखी बुझ्न सकिरहेका छन् भने नब्बे प्रतिशत को प्रावधान लागु भएको लगभग २ वर्षको अवधीमा नै यसलाई बढाई शतप्रतिशत बनाउनुको कुनै औचित्य देखिंदैन । अध्ययनले यसको औचित्य देखाउँदैन ।

७) सूर्तिजन्य ऐनको दफा ७ ले लेबुल तथाप्यापर्समा उत्पादकको ट्रेडमार्क, नाम, ठेगाना, निकोटिनको मात्रा र तोकिएका अन्य हानिकारक तत्व एवं आवस्यक कुराहरु उल्लेख गर्नुपर्ने व्यवस्था गरेको छ । सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ (यसपछि "सूर्तिजन्य नियमावली" भनिएको) को नियम ५ ले प्याकेट तथाप्यापर्समा नाइट्रोसोमाईन, बेन्जोपाइरिन, टार, कार्वनमोनोअक्साईड लगायतका रासायनीक तत्वहरु हुने कुरा उल्लेख गर्नुपर्ने व्यवस्था गरेको छ । तर, निर्देशिका २०८१ ले उत्पादनको ट्रेडमार्क अर्थात ब्रान्ड नाम, निकोटिनको मात्रा र उत्पादन मितिको लागि बट्टा, प्याकेट रप्यापर्सको सहायक तल्लो भाग र सहायक दायाँ भागको तल्लो १० प्रतिशत भाग छुट्याइएको छ । त्यस्तै, सहायक बायाँ भागको तल्लो १० प्रतिशत भागमा उत्पादकको नाम र ठेगाना छाप्नु पर्ने भनिएको छ । ट्रेडमार्क अर्थात ब्रान्डको नाम राख्नको लागि मात्रै राख्ने होइन, उपभोक्ताले टाढैबाट हेर्न, चिन्न र छुट्याउन सक्ने हुनु पर्दछ । मैले कुन ब्रान्डको चुरोट खान लागेको हो भन्ने कुरा थाहा पाउने र ब्रान्ड छान्न पाउने उपभोक्ताको नैसर्गिक अधिकार हो । यो केवल प्रकृया मात्रै होइन, सूचित हुन पाउने उपभोक्ताको अधिकार पनि हो । त्यस्तै, आफ्नो उत्पादनको गुणस्तरलाई कायम राखी प्रतिष्पर्धात्मक बजारमा आफ्नो दरिलो उपस्थिति जनाउन पाउने कानूनी हक र उद्योग, व्यापार, व्यवसाय गर्न पाउने, सम्पत्ती आर्जन गर्न, भोग गर्न पाउने निवेदकको मौलिक हकको पनि हनन् भएको छ ।

८) कुनै पनि उपभोग्य वस्तुको गुणस्तर सो वस्तुको ब्रान्ड नामबाट थाहा पाईन्छ । चुरोट कानूनले उपभोग गर्न मान्यता प्रदान गरेको बस्तु हो । सवै उपभोक्तालाई आफुले के कस्तो बस्तु उपभोग गर्दैछु भन्ने पूर्ण जानकारीसहित उपभोग गर्ने अधिकार हुन्छ । उपभोक्ताको यस्तो अधिकारबाट बञ्चीत हुनेगरी र निवेदकलाई आफ्नो बस्तुको अलग पहिचानसहित उद्योग व्यापार व्यवसाय गर्ने मौलिक हक नै हनन् हुने गरी लागू गर्न खोजिएको निर्देशिका बदरभागी छ । उपभोक्ताले वस्तुको प्याकेजिङ्गबाट सम्बन्धित वस्तुको नाम, ब्रान्ड परिचय लगायतका गुणस्तरबारे आवश्यक जानकारी प्राप्त गर्न नसकेमा कम गुणस्तरको नक्कली वस्तु बजारमा आउने, एउटा वस्तु भनी अर्कै वस्तु खरिद बिक्री हुने सम्भावना रहने भएकोले एकातर्फ उपभोक्ता ठगिने सम्भावना बढ्नुका साथै यसले निवेदकलाई समेत ठूलो आर्थिक क्षती हुन पुग्ने निश्चित छ । निवेदकलाई मात्रै नभई यसले चोरी पैठारी बढ्ने तथा नक्कली बस्तुको उत्पादन, आयात, विक्री बढ्न गई राज्यको कर राजस्वमा समेत गम्भिर नकारात्मक असर पार्दछ ।

९) बट्टा, प्याकेट,प्यापर्स आदिमा ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश र घातक चित्र अंकित गर्नुपर्ने गरी निर्देशिका २०७१ लागू भएको २ वर्ष पनि नभई विपक्षीले कहिले, कस्तो, के कस्तो प्रकृया अबलम्बन गरी तथा को कसको सहभागितामा अध्ययन गरेर १०० प्रतिशत पुर्याउनु पर्ने

निर्णयमा पुगेको हो ? ७५ प्रतिशतबाट ९० प्रतिशत पुर्याउँदा सूर्तिजन्य बस्तुको विक्री तथा खपतमा कस्तो असर पर्न गयो ? ९० प्रतिशतबाट १०० प्रतिशत पुर्याउँदा के कस्तो प्रभाव पर्ने आंकलन गरिएको छ र त्यसका तथ्यगत र बिश्लेषणत्मक आधार के हुन् ? भन्ने जस्ता कुनै प्रश्नको उत्तर विपक्षी मन्त्रालयले दिन सकेको छैन । वास्तवमा निज विपक्षीले कुनै पारदर्शी अध्ययन नै गरेको छैन । यो केवल निहित स्वार्थ भएका केही गैरसरकारी संस्थाहरुको उक्साहट र विपक्षी मन्त्रालयका केही अधिकारीहरुको व्यक्तिगत चाख, स्वार्थ र लहडमा गरिएको निर्णय मात्रै हो । निहित स्वार्थ भएका गैरसरकारी संस्थाहरुको उक्साहटमा संसारमा काहीं नभएको प्रयोग नेपालमा हुँदैछ । यसले नेपाली उपभोक्ताको हित असुरक्षित गर्ने त छदैछ, नेपाल सरकारको ठूलो राजस्वको मूल्यमा नेपाल प्रयोगशाला बनी रहने निश्चित छ । नयाँ निर्देशिकाको आवश्यकता र औचित्य स्थापित हुने कुनै आधार बिना कसैसँग छलफल नगरी एक्कासी यस्तो निर्देशिका जारी गरिनु सुशासन ९व्यवस्थापन तथा सञ्चालन० ऐन, २०६४ मा व्यवस्था भए बमोजिम सुशासनका सिद्धान्तहरु जस्तै राष्ट्रको वृहत्तर हित, कानूनको शासन, पारदर्शिता, बस्तुनिष्ठता, जवाफदेहीता तथा इमान्दारिता, प्रशासन संयत्रको तटस्थता तथा निष्पक्षता आदीको समेत विपरित रहेको छ ।

१०) शतप्रतिशत चेतावनिमूलक सन्देश र चित्र विश्वमा काँही पनि छैन । यस विषयमा नेपाललाई ब्रिनीपिग बनाउन लागिएको छ । सबै खाले उद्योगमा व्यापक समस्या देखिएको र लगानिकर्ताहरुको मनोबल कमजोर भएको अहिलेको अवस्थामा देशको प्रमुख उत्पादनमूलक उद्योगलाई (>25% of Manufacturing GDP) धरासाही बनाई नक्कली बस्तुको पैठारी र उपभोगलाई बढावा दिने निर्देशिकाको उपादेयता र औचित्यता विपक्षी मन्त्रालयले पुष्टी गर्न सक्दैन । निर्देशिका २०७१ बमोजिम प्याकेजिङ्गको ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश छाप्ने प्रावधान भएतापनि १० प्रतिशत भाग (Principal Display Area मा समेत) मा उद्योगलाई Brand Identity तथा अन्य कानूनमा तोकिएबमोजिम जानकारी छाप्न ठाउँ दिईएको थियो । सोही आधारमा नै ९० प्रतिशतको प्रावधानलाई Reasonable Restriction को रुपमा व्याख्या गरिएको थियो । तर हाल जारी गरिएको निर्देशिका २०८१ बमोजिम १०० प्रतिशत भाग नै चेतावनीमूलक सन्देश र घातक रङ्गिन चित्रले ओगट्नु पर्ने प्रावधान रहेको छ । उक्त प्रावधानले उद्योगीहरुलाई उपभोक्ताले देख्ने बुझ्ने गरी आफ्नो उत्पादनको नाम, Brand Identity लगायत विवरण Principal Display Area मा छाप्ने ठाउँ दिएको छैन । उपभोक्ताले वस्तुको प्याकेजिङ्गबाट सम्बन्धित वस्तुको नाम, Brand Identity लगायत गुणस्तर आदी बारे आवश्यक जानकारी प्राप्त गर्न नसकेमा कम गुणस्तरको नक्कली वस्तु बजारमा आउने, एउटा वस्तु भनी अर्कै वस्तु बिक्री हुने सम्भावना आदिले उपभोक्ता ठगिने सम्भावना बढ्नुका साथै, कानूनी रुपमा सञ्चालित उद्योगहरुलाई नोक्सानी समेत हुन्छ । विवादित निर्देशिकाले Reasonable Restrictions को व्याख्या र दायरालाई विस्तार गर्ने

चेष्टा गरी कानूनी उत्पादनलाई नियमन नभई निषेध गर्न खोजेको छ, जुन संवैधानिक र अन्य कानूनी व्यवस्थाको प्रतिकुल छ ।

११) निर्देशिका २०८१ मा उल्लेख गरे जस्तो सन्देश र चित्र छाप्ने विधायिकी मनसाय नेपाल सरकार र व्यवस्थापिकाको रहेको भए सूर्तिजन्य ऐनमा नै संशोधन गरिने थियो । तर, विधायिकी कानूनमा संशोधन छैन । सार्वभौम संसदलाई छलेर यस्तो कानून ल्याउनु क्षेत्राधिकारको त्रुटी मात्र नभई सार्वभौम संसद र जनता प्रतिको वेइमानी (Fraud on Law) हो । साथै प्रत्यायोजित विधायनको सिमा समेतको गम्भीर उल्लंघन हो । विवादित निर्देशिका २०८१ मार्फत विपक्षी मन्त्रालयले विधायिकी कानूनलाई संशोधन गर्न र त्यस्तो कानूनको मकसदलाई निस्तेज पार्ने गरी कुनै निर्देशिका जारी गर्न पनि सक्दैन । विपक्षी मन्त्रालयले २०७६ सालमा अहिले यहि विवादित निर्देशिका लागू गर्न उक्साई रहेका संस्थाहरुको सहयोगमा निर्देशिका २०८१ कै जस्तो प्रावधान राखी सूर्तिजन्य ऐनको संशोधन प्रस्ताव गरी विधेयक लैजान मन्त्रीपरिषद्मा पेश गरेको थियो । तर, मन्त्रीपरिषद्ले सो संशोधन गर्न उपयुक्त नठानी सो प्रस्तावित विधेयक स्विकृत नगरेकोले निर्देशिका मार्फत ऐन संशोधन गर्नखोजेको प्रष्टछ ।

१२) ऐनले प्रदान गरेको सिमित अधिकारको परिधी भित्र रही बिपक्षीले निर्देशिका निर्माण गरी लागु गर्नुपर्दछ । ऐनको परिधी नाघ्ने वा ऐनले बिपक्षीलाई प्रदान नै नगरेको अधिकारको विषयमा बिपक्षीले प्रत्यायोजित अधिकार गैरकानूनी एवं असंवैधानिक तवरबाट प्रयोग गरेको छ । प्रत्यायोजित अधिकार प्रयोग गरी कानून निर्माण गर्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएका निम्न बमोजिमका व्याख्या प्रस्तुत विषयमा समेत सान्दर्भिक छः

(क) अधिवक्ता माधवकुमार बस्नेत समेत विरुद्ध नेपाल सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, नेकाप २०६५, नि.नं. ८०४३ (विशेष इजलास):

> "प्रत्यायोजित अधिकार अन्तर्गत गरिएको काम कारवाहीले प्रत्यायोजनको दायरा नाघ्न नहुने । सारवान विषय विधायिकी ऐनबाटै निर्देशित हुने र नियमावलीले केवल कार्यविधिगत पक्षमात्र समेट्ने अर्थात नियमावलीले सारवान नभई कार्यविधिगत विषयमा मात्र व्यवस्था गरेको हुने"

(ख) विनोद ढुंगेल विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, नेकाप २०६३, अंक ३, नि.नं. ७६६०:

> "प्रत्यायोजित विधायन (Delegated Legislation) को न्यायिक पुनरावलोकन सम्बन्धी प्रशासकीय कानूनको अवधारणा अनुसार प्रत्यायोजित अधिकार प्रयोग गरी

निर्माण गरिने नियम विनियम वा उपनियमले मुलुकको मूल कानूनको रुपमा रहेको संविधान तथा आफूलाई जन्म दिने ऐन (Parent Act) ले तोकिदिएको सीमारेखालाई नाघ्न नसक्ने ।"

(ग) अधिवक्ता माधवकुमार बस्नेत विरुद्ध सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा समेत, नेकाप २०६३, अंक २, नि.नं. ७६४६:

"व्यवस्थापन विधिको सिद्धान्त अनुसार संविधानले तोकेको सीमाभित्र रही ऐन निर्माण हुनुपर्छ र संविधान एवं ऐनको सीमा भित्र रहेर नियम निर्माण हुनुपर्छ । यदि ऐनले संविधानको सीमा नाघ्ने वा नियमले संविधान र ऐनले तोकको सीमा नाघ्छ भने त्यो न्यायिक पुनरावलोकनको परिधिभित्र आउने ।"

१३) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम कुनै पनि नयाँ कानून निर्माण गर्दा वा भइरहेको कानूनमा कुनै संशोधन गर्दा उक्त कानूनको तर्जुमा गर्ने क्रममा तथा कार्यनवयन गर्नु पुर्व सम्बन्धित मन्त्रालय तथा सरोकारवाला पक्षहरुसँग उचित तवरबाट पर्याप्त छलफल तथा परामर्श गर्नुपर्छ । यो नै लोकतन्त्रको आधारभूत र सुन्दर पक्ष हो । छलफल तथा परामर्श कानूनको मस्यौदाको चरणमा नै हुनुपर्छ र उक्त छलफलमा सरोकारवाला तथा बिज्ञहरुसँग सो मस्यौदा कानूनको रुपमा कार्यान्वयन गर्दा हुनसक्ने व्यवहारिक पक्ष तथा सोको सकारात्मक तथा नकारात्मक पक्षहरुका सम्बन्धमा विस्तृत छलफल गरिनु पर्दछ । साथै, छलफलको प्रकृयालाई प्रयाप्त समय दिइनु पर्दछ र छलफलबाट आएका सुझावहरुलाई सुक्ष्मरुपमा अध्ययन गरेपछि मात्रै कुनै निश्चित तथा अन्तिम निर्णयमा पुग्नुपर्ने हुन्छ । नेपाल कानूनबमोजिम पनि विवादित निर्देशिका लागु गर्नु पूर्व मस्यौदा कै चरणमा सबै सरोकारवाला पक्ष तथा विज्ञहरुसँग छलफल गरिनु पर्नेमा सो छलफल भएको छैन । उद्योग मन्त्रालयले नियमन गर्ने उद्योगहरुलाई प्रत्यक्ष असर तथा प्रभाव पर्ने कार्य गर्दा उद्योग मन्त्रालयको परामर्श अनिवार्य लिनु पर्ने हुन्छ । त्यस्तै यस्तो प्रकारको दूगरगामी प्रभाव पर्ने कानूनी बन्दोबस्ता गर्दा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुसंग समेत परामर्श गर्नु पर्ने व्यवस्था नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को नियम ४, ७, ६(ख१), ९(१) (क), १७, २०, २१(१) रहेको छ, जुन कार्य बिपक्षी मन्त्रालयबाट भएका छैनन् ।

१४) विवादित निर्देशिका २०८१ जारी गर्नु पुर्व विपक्षी मन्त्रालयले सम्बन्धित मन्त्रालयहरु, सरोकारवाला, उक्त विषयका विज्ञहरुसँग कुनैपनि छलफल नगरी जारी गरिएको छ । यसै विषयमा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयले आवस्यक सहजीकरण गरिदिने सम्बन्धमा भनी मिति २०८१।१२।१३ मा विपक्षी मन्त्रालयलाई पत्राचार गरेको सम्बन्धमा यसै सम्मानीत

अदालतसमक्ष मिति २०८२।०१।०७ मा रिट (मुद्दा नं. ०८१-WO-११३४) पनि दायर भएको छ । यसबाट पनि विपक्षी मन्त्रालय कसरी परिचालित छ र निर्देशिका २०८१ आउनुको पछाडि को कस्को भूमिका रहेको छ भन्ने स्पष्ट हुन्छ । विपक्षी जस्तो जिम्मेवार मन्त्रालयले आफ्नो सानो स्वार्थको लागि काम गर्ने गैरसरकारी संस्थाको बहकाउमा लागी देश र जनताको हित भन्दा आफ्नो सानो हितलाई सर्बोपरी ठानी काम गर्नु दुःख लाग्दो कुरा त हुंदै हो, दुर्भाग्यपूर्ण पनि छ ।

१५) नेपाल पक्ष भएको Framework Convention on Tobacco Control (FCTC) को Article 11 मा सूर्तिजन्य पदार्थको प्याकेजिङ्ग र लेबलमा स्वास्थ्यसंग सम्बन्धित चेतावनीमूलक सन्देश र चित्रहरु तिस प्रतिशत भाग भन्दा घटी नहुने गरी पचास प्रतिशतको हाराहारीमा छाप्नु पर्ने व्यवस्था छ । साथै, त्यस्तो सन्देश र चित्रहरु सम्बन्धित देशको अधिकारप्राप्त निकायबाट स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । उक्त सन्धीको व्यवस्था वमोजिम सन्धीको पक्ष भएका बहुसंख्यक देशमा पचास प्रतिशत कै हाराहारीमा चेतावनीमूलक सन्देश र चित्र अंकित भएको पाइन्छ । विपक्षी मन्त्रालयले एकलौटी रुपमा तयार गरी जारी गरेको विवादित निर्देशिकाले त्यक्षएक् को सम्बन्धमा नेपालले गरेको प्रतिबद्धतालाई समेत चुनौती दिएको अवस्था छ । WTO को Trade Related Aspects of Intellectual Property Rights TRIPS को धारा २० ले पनि "the use of a trademark in the course of trade shall not be unjustifiably encumbered by special requirement, such as use with another trademark, use in a special form or use in a manner detrimental to its capability to distinguish the goods or services of one undertaking from those of other undertakings. This will not preclude a requirement prescribing the use of the trademark identifying the undertaking producing the goods or services along with, but without linking it to, the trademark distinguishing the specific goods or services in question of that undertaking" भनि उल्लेख गरिएको छ । विवादित निर्देशिका कार्यान्वयन गरेको अवस्थामा चुरोटको अवैध कारोबारलाई प्रोत्साहन हुने र अवैध कारोबारका कारणले गर्दा नेपाल सरकार तथा अन्य सबै सरोकारवाला पक्षहरुलाई नकरात्मक असर पर्ने स्पष्ट छ ।

१६) नेपालमा सूर्तिजन्य पदार्थ विभिन्नरुपमा उपलब्ध छन् । चुरोट, गुट्खा, खैनी, हिट नट बर्ने आदी सबै सूर्तिजन्य पदार्थकै विभिन्न प्रकार हुन् । यी मध्ये चुरोटको बट्टाको आकार कानूनले नै तोकेको छ; जस अनुसार कम्तीमा २० खिल्ली भएको प्याकेट मात्र उत्पादन गर्न सकिन्छ । तर, अन्य सूर्तिजन्य पदार्थको हकमा प्याकेटको आकार; आयतन इत्यादी तोकिएको छैन ।

जस्तै, गुट्खा २ देखि ३ ग्रामका साना साना प्याकेटमा उत्पादन हुन्छ । विभिन्न प्रकारको सूर्तिजन्य पदार्थ विभिन्न साईजका प्याकेटमा उत्पादन हुने भएकोले प्रतिशतका आधारमा चेतावनीमूलक सन्देश तोक्ने कानून नै त्रुटिपूर्ण छ । पश्चिमी देशहरुमा चुरोटको रुपमा मात्र सूर्तिजन्य पदार्थ खपत हुने, नेपालमा पनि पश्चिमी NGO/INGO को प्रभावमा निर्देशिका बनेकोले नेपालमा रहेको विशिष्ट प्रकृतिको सूर्तिजन्य पदार्थको खपतलाई (unique pattern of tobacco consumption in Nepal) हेर्दै नहेरी निर्देशिका बनाईएको देखिन्छ । नब्बे प्रतिशत चेतावनीमुलक सन्देश राख्दा गुट्खाको प्याकेट्को 5.4cm x 5cm (27 cm^2) क्षेत्रफल (एउटा Principal Display Area) मा चेतावनीमूलक सन्देश र घातक रङ्गिन चित्र छापिन्छ भने यही नब्बे प्रतिशतको प्रावधान अनुसार चुरोटको डब्बामा 6cm x 5cm (30 cm^2) को क्षेत्रफल (एउटा Principal Display Area) मा चेतावनीमूलक सन्देश र घातक रङ्गिन चित्र छापिन्छ । शत्प्रतिशत बनाउदा पनि गुट्खामा चेतावनीमूलक सन्देशको आकार 6cm x 5cm (30 cm^2) हुन जान्छ, जुन नब्बे प्रतिशतमा चुरोटको प्याकेटमा हुने सन्देशको आकार भन्दा धेरै नै सानो हुन्छ ।

१७) गुट्खामा 30 cm^2 आकारको सन्देशले उपभोक्तालाई आवश्यक सचेतना दिनसक्छ भन्ने हो भने त्यही आकारको सन्देश चुरोटको बट्टामा राख्दा ५६ प्रतिशत मात्र हुन जान्छ । यसर्थ, सबै सूर्तिजन्य पदार्थका बट्टाको साइज अनुसार एउटै साईजमा उपभोक्तालाई सचेत गराउन सक्ने चेतावनीमूलक सन्देश तथा चित्रको आकार तोक्नु पर्नेमा प्रतिशत तोक्नु तर्क संगत छैन । कल सूर्तिजन्य पदार्थको उपभोगको ७० प्रतिशत उपभोग गुट्खा, खैनीको रुपमा हुने हामो मुलुकमा यी पदार्थमा 25 cm^2/30 cm^2 को सन्देश हुन्छ भने चुरोटको डब्बामा 53 cm^2 (प्याकेटको Principal Display Area) को सन्देश तथा चित्र किन चाहियो ? यो सूर्तिजन्य पदार्थ बिच पनि विभेदकारी (discriminatory) नीति हो, जसले यी पदार्थहरुको व्यापारमा हुनुपर्ने level playing field लाई असर गर्दछ । यसरी नीति अवलम्बन गर्दा जनस्वास्थ्यका अलावा राज्यको राजस्व पनि गुम्दछ । धेरै राजस्व योगदान गर्ने चुरोटको उपभोग कम हुने तर कम राजस्व संकलन हुने र जनस्वास्थ्यलाई उत्तिकै हानिकारक गुट्खा लगायतका अन्य सूर्तिजन्य पदार्थको उपभोग बढ्दा यस क्षेत्रबाट सरकारले पाउने राजस्वलाई पनि असर गर्दछ । शत्प्रतिशत चेतावनीमुलक सन्देश सहितको निर्देशिका कार्यन्वयन गर्ने हो भने, गुट्खा लगायतका सूर्तिजन्य पदार्थमा नाम, लगायत अन्य विवरण उल्लेख गर्न असम्भव नै हुन्छ । त्यही कारण पनि हुन सक्छ, हाल पनि यी अन्य सूर्तिजन्य पदार्थमा नब्बे प्रतिशत चेतावनीमूलक सन्देश पूर्ण रुपमा लागु गरिएको छैन ।

१८) समाचारहरुका बमोजिम विदेशी संस्थाबाट अनुदान लिएर निति निर्माणमा अनुचित प्राभाव पार्ने निहित स्वार्थ भएका संस्थाहरुको एकतर्फी र आफ्नो स्वार्थपूर्ती गर्ने अपारदर्शी

अध्ययनको आधारमा यो निर्देशिका जारी गरिएको छ । यहाँ सम्म कि के चित्र छाप्ने भन्ने पनि ल्नुइ ले नै दिएको भनेर स्वयं NGO कै प्रतिनिधी ले भनेका छन:

"चेतावनीमूलक चित्र कस्तो राख्ने तथा बढाउँदाको प्रभावकारिताका विषयमा अध्ययन गरिएको थियो । स्वास्थ्य अनुसन्धान परिषद्, राष्ट्रिय सूचना तथा सञ्चार केन्द्र र एक्सन नेपालले ११ वटा जिल्लाबाट तीन हजार नमुना लिएका थिए । उक्त अनुसन्धानबाट चित्र ठूलो बनाउँदा सूर्तीजन्य पदार्थ सेवन घट्ने पाइएको एक्सन नेपालका अध्यक्ष आनन्द चन्दले बताए । त्यही अनुसन्धानले ६ वटा सम्भावित चित्र समेत सिफारिस गरेको थियो । मन्त्रालयले त्यसलाई महशुस गरेर निर्देशिका निर्माण गरेकोमा उनले आभार प्रकट गरे"(source: swasthya khabarpatrika)

यहि भनेर ७५ प्रतिशत ल्याईयो, तत्पश्चात ७५ प्रतिशत बाट ९० प्रतिशत पनि बनाईयो । तर, २०१३ देखी २०२४ को अवधिमा कुल सूर्तिजन्य पदार्थको उपभोग गर्नेहरुको संख्या बढेको भनेर सरकारी स्तरबाटै २०१३ र २०१९ मा गरिएको Steps Survey र २०२४ मा नेपाल विकास अनुसन्धान परिषद भन्ने सूर्तिजन्य पदार्थ विरुद्ध वकालत गर्ने संस्थाको अध्ययनले देखाएको छ । यस अवधीमा कुल सूर्तिजन्य पदार्थ उपभोग गर्नेहरु बढेका छन् । त्यसैले कुल उपभोग नघटेर केवल महंगो, धेरै कर लाग्ने चुरोटबाट अन्य सूर्तिजन्य पदार्थमा मात्र सरेको देखिन्छ ।

१९) अतः माथि उल्लेखित आधार जिकिरहरुबाट निर्देशिका २०८१ को दफा ३, ४ र ७ तथा अनुसूची १ लागू हुँदा निवेदकलाई नेपालको संविधानको धारा १७(२)(च) द्वारा प्रदत्त पेशा, रोजगार, उद्योग, व्यापार तथा व्यवसाय गर्ने स्वतन्त्रताको हक र धारा २५ द्वारा प्रदत्त सम्पत्तीको हक हनन् हुने, सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ७, सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ को नियम ५, उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ ले प्रदान गरेको कानूनी हकको हनन भएको र सो हकको प्रचलनको लागि अन्य उपचारको बाटो नभएकोले नेपालको संविधानको धारा १३३(२) समेत अन्तर्गत सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ज्यार्पर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०८१ को दफा ३, ४ र ७ तथा अनुसूचि १ समेत उत्प्रेषणको आदेशले बदर गरी विधायिकी कानूनसंग बाझिने गरी कुनै निर्देशिका नबनाउनु, जारी नगर्नु; त्यस्तो निर्णय नगर्नु, नगराउनु भनी प्रतिषेधको आदेश र कुनै निर्देशिका जारी गर्दा वा निर्णय गर्दा सम्बन्धित क्षेत्रमा संलग्न सवै पक्ष र सरोकारवालाहरुसंग वृहत छलफल गरी, औचित्य र उपादेयता पुष्टी हुने गरी निर्णय गर्नु, गराउनु भनी विपक्षीहरुको नाममा परमादेश समेत जारी गरिपाउँ ।

२०) प्रस्तुत निवेदनको अन्तिम टुंगो लाग्नु अगावै विबादित निर्देशिका लागू भएमा प्रस्तुत निवेदन नै निष्प्रयोजित हुने भएकोले यस निवेदनको अन्तिम टुंगो नलागेसम्म सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ज्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०८१ को दफा ३, ४ र ७ तथा अनुसूची १ समेत लागू नगर्नु, नगराउनु, यथास्थितिमा राख्नु, राख्न लगाउनु भनी विपक्षीहरुको सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ अन्तर्गत अन्तरीम आदेश समेत जारी गरिपाउँ ।

२१) निम्न कागजातहरु यसैसाथ संलग्न छन् :

(क) निर्देशिका, २०६८, निर्देशिका, २०७१ र निर्देशिका, २०८१ ..... १

(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०८१/१२/१३ को पत्र १

(ग) २०७६ सालमा, मन्त्रीपरिषद्मा पेश भएको सुर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक १

(घ) २०८० सालमा विधेयक अगाडी बढाउन Action Nepal ले स्वास्थ्य मन्त्रालयमा पठाएको पत्र १

(ङ) अधिकारनामा १

यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुष्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

निवेदक,
निज वा. प्रभात कुमार कर्ण।

ईति सम्वत् २०८२ साल असार..... गते ..... रोज... शुभम्.....।